जि.का.सप्तरी द.नं. २(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४३ अंक ४३ २०८२ साल असार १ गते आइतवार (15 June 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** अध्यक्ष लेखीको बाल कलाकार, ... **पृष्ठ ३ मा :** राजतन्त्र होइन उन्नत व्यवस्था ... **पृष्ठ ४ मा :** एक पालिका, एक जनस्वास्थ्य ... **पृष्ठ ५ मा :** मनसुन लागेसँगै डेङ्गी ...

## कुटपिट, गालीगलौज गर्नेमाथी कारवाहीका साथै कामकाज गर्न सुरक्षित वातावरणको माग गर्दै कर्मचारीद्वारा पेन डाउन



**राजविराज**/राजविराज नगरपालिकाका कर्मचारीहरु कुटपिट, गालीगलौज गर्नेमाथी कारवाहीका साथै कार्यालयमा कामकाज गर्न सुरक्षित वातावरणको माग गर्दै शुक्रबारदेखी पेन डाउन गरेका छन् ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन ईकाइ समितिले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरि घटनाको दोषीलाई कानून बमोजिम कारबाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन तथा काम गर्न भयमुक्त वातावरणको सुनिश्चितता गराउन माग गरेका छन् ।

समितिका अध्यक्ष कल्पना देवले कर्मचारीहरुले घटनाका दोषिहरुमाथी कारवाही, क्षतिपुर्ति तथा कर्मचारीको सुरक्षाको प्रत्याभूति नगराएसम्म नगरपालिका कार्यालय तथा मातहातका कार्यालयबाट अति आवश्यक सेवा बाहेकका सम्पूर्ण सेवा बन्द रहने जनाइन ।

सोही पत्रकार सम्मेलनमा नगरपालिकाका लेखा अधिकृत शत्रुधनलाल दासले ब्यक्तिगत रुपमा असुरक्षित रहेको बताउँदै सुरक्षाको ग्यारेन्टी नहुन्जेल काम नफर्किने बताए । उनले आफूमाथी संघातमिक हमला गरी सुनको सिक्री समेत लुटपाट गरेको बताए । "उक्त घटनाले हामी सम्पूर्ण कर्मचारीहरु असुरक्षित भएका छौं निर्धक्क भई जनताको सेवा प्रवाह गर्ने अवस्था छैनौं ।" उनले भने ।

उनले हालसम्म ११ महिनाको अवधीमा ११ प्रतिशत मात्र विकासीय योजनाहरु सम्पन्न भएको र करिब ३८ देखी ४० प्रतिशतसम्म योजनाहरु संचालनमा रहेको जानकारी समेत दिए । उनले जनताको कामकाजमा आफू बाधक नभएको भन्दै दोषिमाथी कारवाही र कामकाज गर्न भयमुक्त वातावरण नभएसम्म काममा नफर्किने अडान राखे ।

गत जेठ २७ गते मंगलबारका दिन नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको हाजरी गराउने सम्बन्धमा विवाद भइरहेको बेला राजविराज नगरपालिकाका निलम्वित मेयर भिमराज यादव, राजविराज नगरपालिकाका योजना शाखा प्रमुख मनोज कुमार यादव, आन्दोलनकारी सुधिर यादव लगायतका व्यक्तिहरुको समूहले राजविराज नगरपालिकाका कर्मचारीहरु शान्तिपूर्वक रुपमा वारुणयन्त्रको छेउमा उभिरहेको बेला पूर्वग्राही तथा सुनियोजित रुपमा गालीगलौज तथा कुटपिट गरिएको पत्रकार सम्मेलनमा उनीहरुले जानकारी दिएका छन् ।

ईकाइ समितिका अध्यक्ष तथा अधिकृत कल्पना देव, लेखा अधिकृत शत्रुधनलाल दास र शहरी स्वास्थ्य क्लिनिकको अ.हे.ब. संतोष कुमार दासलाई संघातिक रुपमा गालि गलौजसहित सडकमा घिसारी ज्यान मार्ने धम्की सहित मर्नासन्न हुने गरी कुटपिट गरिएको थियो ।

## जबरजस्ती विषादी खुवाएर भ्रुण हत्या



**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिननी नगरपालिका २ की २० वर्षिया सनिसा कुमारी खङ्गलाई सोही वडा निवासी उनका प्रेमीका बुवा परमेश्वर खङ्ग र आमा झुलफुल देवीले कुटपीट गर्दै जबरजस्ती विषादी खुवाएर उनको भ्रुण हत्या गरेका छन ।

यसरी जबरजस्ती छोरीलाई विषादी खुवाएपछि उनको चार महिनाको गर्भ तुहिएको र छोरी अवस्था समेत चिन्ताजनक रहेको आमा सतनी देवी सुनाईन । उनको पेटमा सोही वडा निवासी २३ वर्षिय प्रेमी शिवजी खङ्गको चार महिनाको गर्भ रहेको सनिसाका परिवारजनको भनाई छ ।

"विहान ४ बजेतीर निदाईरहेका बेला अचानक आईपुगेका प्रेमी शिवजीका आमा बुवाले हात, खुट्टा, घाँटी समाति लछार पछार गर्दै जबरजस्ती ४/५ वटा ट्याब्लेट मुखमा कोचे, स्थानीय गजेन्द्रनारायण सिह अस्पतालमा वेड नं.२६ मा उपचार गराइरहेकी सनिसाले भनिन् त्यस पछी म बेहोस भए ।"

प्रहरीको सहयोगमा अस्पताल आइपुगेकी सनिसाको स्वास्थय परिक्षण गर्दा गर्भमा रहेको बच्चा तुहिएको पाइएको र विषादीको प्रभावले त्यस्तो हुन गएको चिकित्सकहरुले बताएका छन ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले उक्त अपराधका आरोपी परमेश्वर खंग र झुलफुल देवीलाई बुधवार नै पक्राउ गरीएको जानकारी दिए । उनले पक्राउ परेका खंग दम्पतीमाथी कुटपीट तथा भ्रुण हत्या सम्बन्धि मुद्दा चलाइने जनाएका छन ।

यसअघि विवाहको प्रलोभन देखाई आफुसंग पटक पटक शारीरिक सम्बन्ध स्थापित

***बाँकी अन्तिम पृष्ठमा***

## घटनाप्रति काँग्रेसको गम्भिर ध्यानाकर्षण

**राजविराज**/नेपाली काँग्रेस सप्तरीले राजविराज नगरपालिकाको कार्यालयमा पछिल्लो एक सातादेखी भइरहेको विभिन्न घटनाक्रमप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

पार्टीका सचिव सनत कुमार मण्डलद्वारा शुक्रबार जारि विज्ञप्तिमा जेठ २७ गते नगरपालिका कार्यालयका कर्मचारीहरुमाथी भएको कुटपिट र कार्यालयमा भएको तोडफोडको घटना अत्यन्त खेदपूर्ण रहेको ठहर गर्दै दोषिमाथी कारवाहीको माग गरिएको छ ।

विज्ञप्तिमा विवाद समाधानका लागि आवश्यक पहल, कुटपिटमा परेका कर्मचारीहरुलाई न्याय तथा नगरपालिकामा भएको

***बाँकी अन्तिम पृष्ठमा***

**योग्यता प्रणालीको सम्मान गरौं**

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोगजारीमा समान अवसरको सदुपयोग गरौं,
- प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८२ असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं,

**"योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिबद्धता"**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विद्यालय सुधारमा लागौं

अहिले विभिन्न विद्यालयहरुमा पढाई भन्दा पनि बढी राजनीतिक हुने गरेकाले शिक्षा मात्र ध्यान दिन सबै लाग्नु पर्ने अवस्था आएको छ । यस बाहेक शिक्षकहरुले विद्यार्थीहरुलाई दिइने दण्डको मानसिकतामा समेत परिवर्तन गर्न आवश्यक छ । खास गरि सामुदायिक विद्यालयहरुमा अहिले पढाई भन्दा पनि बढी शिक्षकहरुले राजनीतिका साथै तलब खाने भाडोको थलो बनाएका छन् । विद्यालयहरुमा निरन्तर पढाई नहुनु, शिक्षकहरु आफ्नो ड्युटी पुरा नगर्नु, नियमित विद्यालय नआउनु, अनावश्यक झमेला गर्नु लगायतका क्रियाकलापका कारण विद्यालयको अवस्था खस्किदै गएको छ । कुनै बेला सामुदायिक विद्यालय मुलुकमै अब्बल रहेका थिए । तर अहिले विभिन्न कारणले अब्बल भएका उक्त विद्यालयहरुको गुणस्तर खस्किदो छ । यस बाहेक विद्यार्थीहरुको उपस्थिति पनि न्युन हुनुले पनि शिक्षकहरुले ध्यान नदिएको हुनसक्छ ।

सरकारले बारम्बार सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि वर्षेणी बजेट बिनियोजन गर्दै आइरहेको छ । तर ती बजेट शिक्षकहरुले तलब खाने र विद्यार्थीहरुलाई जसोतसो पढाएर आफ्नो कर्तव्य मात्र पुरा गर्ने काम गर्ने गरेका छन् । तसर्थ विद्यालय सुधार सँग सँगै गुणस्तर शिक्षका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले खबरदारी एवं निगरानी गर्नु पनि उत्तिकै जरुरी छ ।

# अध्यक्ष लेखीको बाल कलाकार, सहनायकदेखी गित, संगीत, गायन र वादकसम्मको यात्रा

**राजविराज**/मधेस प्रदेश सरकारले बि.स. २०८२ जेठ १६ गते चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डको अध्यक्षमा किशोर कुमार लेखीलाई नियुक्त गरेको छ ।

उनी सप्तरी जिल्लाको सप्तकोशी नगरपालिका वडा नं. ५ का स्थायी बासिन्दा हुन् । अध्यक्ष लेखीको बाल कलाकार, सहनायकदेखी गित, संगीत, गायन र वादकसम्मको यात्रा तय गरेर मधेश प्रदेशको चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डको अध्यक्षमा नियुक्त भएका हुन् । उनी बाल अवस्थादेखी नै बहुप्रतिभाशाली थिए । उनले दर्जनौं गित, स्टेज शो, गिति एल्बम लगायत भारतमा समेत आफ्नो प्रतिभा देखाइसकेका छन् ।

अध्यक्ष लेखीले पहिलो पटक बाल कलाकारको रूपमा बि.स. २०४४ सालदेखी बिद्यालयका कार्यक्रमहरुमा बाल कलाकारको रुपमा आफ्नो प्रतिभा देखाएका हुन् । त्यसपछी उनी सप्तरीसहित अन्य जिल्लाहरुमा विभिन्न "स्टेज शो" हरुमा आफ्ना प्रतिभा देखाउदै आए ।

उनले शैलेन्द्र विश्वकर्मा, राम कुमार सिंह, मयानन्द विश्वकर्मा जस्ता अग्रज एवं वरिष्ठ संगीतकारहरुसंग विभिन्न कार्यक्रम तथा शोहरुमा भाग लिनुको साथै ऊनीहरुबाट पनि गायन र नृत्यको ज्ञान हासिल गरे ।

बि.स. २०४८ सालमा शिम्पु मुभिज प्रा.ली.को ब्यानरमा थारु चलचित्र "भक देके सुजहल" को सहनायकको भुमिका निर्वाह गरे । त्यसपछी उनी सोही वर्ष अध्ययनका क्रममा काठमाडौं पुगे । त्यहाँ अध्ययन संगै वरिष्ठ गायिका मिरा राणाबाट ५ बर्ष नेपाली आधुनिक गायन तथा वरिष्ठ शास्त्रीय गायक एवं संगीतकार गुरुदेव कामैतबाट पनि लगातार ५ वर्ष शास्त्रीय गायनको प्रशिक्षण लिए ।



उनले सोही क्रममा आफ्नो पढाईलाई पनि निरन्तरता दिंदै स्नातकोत्तर तहको अध्ययन पनि पूरा गरे ।

बि.स.२०५५ देखि २०५८ साल सम्म रेडियो नेपालले आयोजना गरेको नेपाली आधुनिक गित प्रतियोगता तथा राष्ट्रिय गीत प्रतियोगीतामा भाग लिई आफ्नो सुमधुर आवाज नेपाली श्रोता माझ पस्के । उनले बि.स. २०६० सालमै आफ्नै आवाजमा "रुप" नामक नेपाली आधुनिक गीति एल्बम पनि श्रोता माझ ल्याए ।

उनले काठमाडौंका विभिन्न होटेल र रेस्टुरेन्टहरूमा आफ्नो गायन समेत प्रस्तुती गरिसकेका छन् । उनी नेपालमा मात्र नभई भारतको उत्तर प्रदेश र बिहारको विभिन्न स्टेज शोहरुमा आफ्नो गायनको जादु देखाई सकेका छन् ।

बि.स.२०६३ सालमा थारु संस्कृति संरक्षण संघको संस्थापक सचिव भए पश्चात् संघको प्रस्तुति र आफ्नै लगानीमा थारू परम्परागत पौराणिक गीति एल्बम "येहेन करम" को म्युजिक भिडियो समेत बजारमा ल्याए ।

अध्यक्ष लेखीले छिन्नमस्ता फिल्मस् प्रा.ली.को ब्यानरमा थारु कथानक चलचित्र "हमर कनियाँ" को कथाकार र गायकको भुमिका निर्वाहा गरिसकेको छन् भने कृष्णा फिल्मस् प्रा.ली.को ब्यानरमा थारु चलचित्र "तोहर यादमे" मा कथाकार तथा संवादको भुमिका निर्वाह गरेका छन् ।

उनले "बहोत सुन्दरची" नामको थारु आधुनिक गीती एल्बममा कलाकारको भुमिका निभाएका छन् । बि.स. २०७० साल देखि बिभिन्न थारु आधुनिक पौराणिक गीतहरूमा गीतकार, संगीतकार तथा गायकको भुमिका निर्वाह गर्दै आईरहेका छन् ।

उनी हाल थारु संस्कृति संरक्षण संघ नेपालको संस्थापक महासचिव हुन् र उनले कार्यालयमै रेकर्डिङ स्टुडियो स्थापना गरी टेक्निसियनको रूपमा आफैं गीत रेकर्डिङ, भिडीयो सम्पादनका काम समेत गर्दै आईरहेका छन् । संगीत संयोजनको रुपमा पनि थारु गीतहरूमा प्रस्तुती गरिसकेको र हाल आफ्नो संस्थाको परियोजनाहरुमा परम्परागत संस्कृति संरक्षण, सम्बर्द्धन र जगेर्नाको लागि बिभिन्न कार्य गरिरहेका छन् ।

लेखीले थारु लगायत बिभिन्न जातजातिको कला, संस्कृतिको संरक्षण, सम्बर्द्धन र उत्थानका साथै चलचित्र तथा गित संगीतको क्षेत्रमा अहोरात्र क्रियासिल रहने क्रममा उनको घरको आर्थिक अवस्था दिनानुदिन खस्कदै गयो ।

उनले नचाहदाँ नचाहदै पनि घर परिवारको दवाबमा माध्यमिक शिक्षकको रूपमा बि.स. २०६५ साल देखि २०७० सालसम्म सेवा गरे । पछी उनले कला र चलचित्र क्षेत्र प्रतिको मोहकै कारण शिक्षक सेवा परित्याग गरि पुन: आफ्नो रुचिकै कला क्षेत्रमा फर्केर आफ्नै गृहजिल्ला सप्तरीमा गित, संगीत, कला, संस्कृतिसंग सम्बन्धित प्रशिक्षण दिने संस्थाको स्थापना गरि गित, संगीत, गायन र बादकको प्रशिक्षण दिने कार्यको थालनी समेत गरेका थिए ।

## जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय सप्तरीको सूचना

**उदेश्य :**

- जिल्लामा बिद्यमान जलश्रोतको विकास गरि सिंचाइ योग्य जमिनमा बर्षेभरी सिंचाई सेवा बिस्तार गर्ने, गराउने,
- कृषकको सहभागितामुलक अवधारणा अनुरुप उपभोक्ताहरुको संस्थागत विकास गरि सिंचाइ प्रणालीको दिगो व्यवस्थापन गर्ने गराउने,
- सिंचाइ विकाससाग सम्बन्धित प्राविधिक जनशत्ति, उपभोक्ता र गैर सरकारी संघ संस्थाको ज्ञान सिप र संस्थागत कार्य क्षमतामा वृद्धि गर्ने गराउने,
- जिल्लामा किसानद्धारा संचालनमा रहेका साना तथा मझौला सिंचाई प्रणालिहरुको मर्मत सम्भार गरि नहरको दिगो ब्यबस्थापनमा किसानहरुलाई सहयोग गर्ने,
- जिल्लाका साना तथा मझौला नदीहरुमा जल उत्पन्न प्रकोपबाट हुने कटान डुबानको व्यबस्थापन तथा नियन्त्रण गरि जल उत्पन्न प्रकोपबाट हुने जनधन तथा कृषि योग्य जमिनको क्षतिलाई न्युनिकरण गर्ने,
- साना तथा मझौला नहरहरूको निर्माण तथा मर्मत सम्भार गर्ने गराउने, सिचांईको माध्यमबाट जिल्लाको समग्र कृषिको बिकासमा योगदान पुऱ्याउने ।

**जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय**
**सप्तरी, राजविराज**

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजतन्त्र होइन उन्नत व्यवस्था खोजिरहेछन् जनता

**दीपेन्द्र चलाउने**

हिजो आज नेपाली समाज दुई खाले राजनीतिक प्रवृत्तिको बहसले तातिएको छ । जनअपेक्षा अनुसार शासन व्यवस्था चल्न नसक्दा पक्ष र विपक्षमा विभिन्न खाले बहस हुने कुरा नौलो नभए पनि यतिखेर भने खासगरी दुईखाले राजनीतिक दृष्टिकोण र प्रवृत्तिका बिचमा ठुलै रस्साकस्सी भइरहेको छ ।

बहस, रस्साकस्सी र आन्दोलन कुनै नयाँ राजनीतिक व्यवस्था स्थापना वा रक्षाका लागि होइन कि मसानघाट पुगिसकेको राजतन्त्रात्मक शासन व्यवस्था र यथास्थितिवादी पुँजीवादी संसदीय व्यवस्थाका बिचमा लुटिएको स्वर्ग फर्काउने र लुटको स्वर्गजस्तै साबित भएको काण्डैकाण्डले भरिपूर्ण यथास्थितिवादी व्यवस्था जोगाउन लागिपर्नेहरू बिचको तीव्र संघर्ष चलिरहेको छ । दुईवटै शक्ति यति सक्रिय छन् कि एउटा यथास्थितिवादी शक्ति जुन शक्तिसँग अघिल्लो निर्वाचनको मत परिणामलाई आधार मान्ने हो भने करिब ९५ प्रतिशत समर्थन छ । त्यो शक्ति आफ्नो स्वर्ग ढल्ने त्रासले आन्दोलनमै छ ।

अर्को राजावादी शक्ति जुन शक्तिसँग मुस्किलले ५ प्रतिशत जनसमर्थन छ, त्यो शक्ति पनि पछिल्लो २५ वर्षयता विश्वको कुनै कुनामा समेत पुनर्बहाली नभएको राजतन्त्रात्मक शासन व्यवस्था पुनर्बहालीको तीव्र इच्छासहित सक्रिय भइरहेको छ । एउटा गम्भीर गल्तीलाई सच्याउन त्योभन्दा भयानक गल्ती गरेर सच्चाउन सकिँदैन । भन्न खोजिएको कुरा के हो भने, वर्तमान पुँजीवादी संसदीय व्यवस्थाका हजारौँ गल्ती, अवगुण र यो व्यवस्था खराब हुँदाहुँदै योभन्दा उपयुक्त विकल्प राजतन्त्रलाई कदापि मान्न सकिँदैन ।

नेपालको राजनीतिक इतिहासलाई पछाडि फर्केर हेर्दा कुनै पनि पश्चगमन नेपाली जनताले स्वीकार गरेको देखिँदैन । पछिल्ला ८०/९० वर्षको राजनीतिक इतिहासलाई समीक्षा गरेर हेर्दा पनि हरेक २५/३० वर्षमा जनताले ठुल्ठुला आन्दोलनबाट अग्रगमनको पक्षमा आफूलाई उभ्याएका छन् । ५-५ वर्षमा भइरहने निर्वाचनको परिणामलाई हेर्ने हो भने पनि जनअपेक्षाअनुसार काम नगर्ने दलहरूलाई एकपछि अर्को निर्वाचनमा पाखा लगाउँदै परिवर्तनको तीव्र चाहना अनुसार नयाँ दल र स्वतन्त्र व्यक्तिहरूलाई समेत निर्वाचनमा विजयी गराएर जनताले केही न केही नयाँ खोजिरहेको स्पष्ट गरेका छन् । भलै नयाँ भन्ने दल र स्वतन्त्र भन्ने व्यक्तिहरू जनताले अपेक्षा गरेअनुसारकै शक्तिहरू हुन् वा होइनन्स यो भने समीक्षाको विषय हो । यति बेला जनताको मनमनमा ठुलो उथलपुथल आइरहेको देखिन्छ । राजतन्त्र फालेर स्थापित गरेको यो व्यवस्थाबाट पनि जनता सन्तुष्ट छैनन् भन्ने कुरा करिब-करिब पुष्टिजस्तै भएको छ ।

जनता राजतन्त्रको पक्षमा समर्थन गर्न तयार भएको भन्ने सत्य होइन बरु यो व्यवस्थाभित्र भएका हजारौँ काण्डहरू, शासन प्रणाली र नेतृत्वबाट वाक्कदिक्क भएको भन्ने देखिन्छ । एकाधबाहेक हजारौँ राजाजस्ता देखिने राष्ट्रपति, प्रधानमन्त्रीदेखि वडा सदस्यसम्मका कथित राजाहरूको शासनशैली र देशलाई काण्डैकाण्डहरूको चक्रव्यूहमा परेको देखेपछि जनतामा हजारौँ राजाभन्दा एउटा राजा ठिक भन्ने भाष्य निर्माण हुन खोजिरहेको होस केही वर्षअघि मात्रै जनता आफैँले आफ्नो ज्यानको आहुति दिएर परास्त गरेको व्यवस्था पुनर्स्थापना गर्न खोजेको कुरा सत्य होइन । बरु सत्य कुरा के हो भने जनताले उत्तम विकल्प खोजिरहेका छन् । राजतन्त्र जनताले होइन केही झुन्ड र व्यक्तिहरूले खोजी गरिरहेका छन् । ती व्यक्तिहरू वर्तमान संसदीय व्यवस्था असफल भएको हेर्न चाहिरहेका छन् ।

आफ्नै नेतृत्वमा पाटी बनाएर राजाविनाको राजनीतिक व्यवस्थाको वकालत गर्दै चुनाव लडेर पार नलागेपछि राजावादी पाटीको पछाडि लागेर राजा खोज्ने काममा रविन्द्र मिश्रहरू सक्रिय भएका छन् । राजा कुनै पनि हालतमा आउनुहुँदैन भनेर केही वर्षअगाडि विभिन्न खाले स्टन्टबाजीमा सक्रिय ज्ञानेन्द्रबहादुर शाही, दुर्गा प्रसाईं, केही गेरुवस्त्रधारी बाबाहरूलाई राजतन्त्र चाहिएको हो । अन्य युवा, विद्यार्थी वा आम नागरिकलाई राजतन्त्र चाहिएको हुन्थ्यो भने विभिन्न निर्वाचन वा अन्य माध्यमबाट राजतन्त्रको पक्षमा राम्रै जनसमर्थन प्रकट हुन्थ्यो ।

**किन जनतालाई राजतन्त्र चाहिएको छैन ?**

राजतन्त्रको विगतलाई फर्केर हेर्दा संसारभर पछिल्लो २५ वर्षयता कुनै पनि मुलुकमा राजतन्त्र पुनर्बहाली भएको छैन । त्यसैले अहिलेको भूमण्डीकृत विश्वमा विश्वराजनीतिको प्रभाव नेपालमा नपर्ने कुरै भएन । पछिल्ला ५० वर्षको विश्व राजनीतिक इतिहासलाई पछाडि फर्केर हेर्दा १५ भन्दा बढी देशमा राजतन्त्रको अन्त्य गरिएको छ । अपवादबाहेक राजतन्त्रात्मक शासन व्यवस्था पुनर्स्थापित भएको देखिँदैन ।

अहिले विश्वको जनसङ्ख्याको करिब ५ प्रतिशत जनसङ्ख्या मात्र राजतन्त्रात्मक शासन व्यवस्था भएका देश अन्तर्गत पर्छन् । विश्वको ९५ प्रतिशत जनसङ्ख्याले अन्य शासन व्यवस्थाबाट शासनसत्ता सञ्चालन गरिरहेका छन् । विश्वभरि राजतन्त्रको अवस्था जस्तो छ, करिब-करिब नेपालमा पनि त्यस्तै देखिन्छ । अघिल्लो निर्वाचनलाई आधार मान्ने हो भने नेपालमा ९५ प्रतिशत मतदाताले राजतन्त्रप्रति खासै रुचि देखाएको छैन, उनीहरुले यथास्थितिवादी र केही नयाँ भन्ने पार्टीहरूलाई नै समर्थन गरेको देखिन्छ । केवल ५ प्रतिशत मतदाताले मात्र राजतन्त्र समर्थक पार्टीलाई समर्थन गरेको देखिन्छ ।

राजतन्त्रको विगतलाई विभिन्न कोणबाट विश्लेषण गर्दा वर्तमान अवस्थामा कतैतिरबाट पनि राजतन्त्रको आवश्यकता र औचित्य पुष्टि हुने देखिँदैन । आर्थिक कोणबाट हेर्दा राजाहरू नै त्यस्ता व्यक्तिहरू हुन्, जसले विदेशी लगानीकर्ताहरू नेपालमा लगानी गर्न आउँदा देशको हितमा भन्दा पनि राजपरिवारको नाममा पहिला नै सेयर कन्फर्म गरेर लगानी गराउने गर्दथे । अहिले पनि सरकारले फिर्ता लिएको बाहेक अर्बौंको सम्पत्ति राजपरिवारको नाममा रहेको कुरा जगजाहेर छ । अहिलेको काण्डवाला सरकार र शासन व्यवस्थालाई माथ खुवाउने गरी राजपरिवारका नामबाट राज्यकोषमाथि ब्रह्मलुट मच्चाइएको तथ्याङ्क घामजस्तै छर्लङ्ग छ । २०६२ सालमा ९ महिनाको अवधिमा राजदरबारमार्फत ७५ करोडभन्दा माथि खर्च भएको तथ्याङ्क छ । राजा-महाराजाहरूको नामबाट करोडौँ रकम राजपरिवारका आसेपासेहरूले बाँडेर खाने प्रचलन थियो । राजपरिवारका नाममा करोडौँको भन्सार छुट गरी विलासिताका सामग्री भित्र्याएर राज्यलाई हानि पुऱ्याउने काम संस्थागत रूपमै राजाहरूबाट हुने गरेको थियो । श्री ५ बाट भएका कामहरूका बारेमा अदालतमा समेत प्रश्न उठाउन नपाइने कथित कानुनको आडमा राष्ट्रिय ढुकुटीमा चरम लुट मच्चाइएको कुरालाई जति प्रयास गर्दा पनि असत्य साबित गर्न सकिनेछैन ।

सांस्कृतिक, सामाजिक कोणबाट हेर्दा राजालाई विष्णुको अवतार भनी स्थापित गरिएको थियो, जुन एकदमै रुढीवादी असत्य कुरा हो । राजालाई हरेक नागरिकले ढोग्नुपर्ने, पाउमा दाम चढाउनुपर्ने जस्ता दासयुगकालीन बर्बरता लादिएको थियोस जुन २१ औँ शताब्दीका जनतालाई कसरी मान्य हुन सक्छ ?

राजपरिवारका सदस्यले व्यक्ति हत्यादेखि विभिन्न आतङ्क मच्चाउँदा समेत प्रश्न उठाउन नपाइने प्रकारको आपराधिक गतिविधिलाई सहनुपर्ने अवस्था थियो । सत्य स्थापित नभएका र विज्ञानले प्रमाणित नगरेका कुरा व्यक्तिको आस्था र विश्वासले चल्ने परम्परा छ । त्यसमाथि राजा-महाराजाका लागि निश्चित धर्म मानिदिनुपर्ने र व्यक्तिगत स्वतन्त्रता प्रयोग गर्न समेत नपाइने धार्मिक अन्धविश्वासपूर्ण शासन कायम गरिएको थियो । विश्वले नै अस्वीकार गरिसकेको जातभातका आधारमा नागरिकहरूलाई श्रम शोषण गर्ने र मनोरञ्जनका साधनका रूपमा प्रयोग गर्ने तुच्छ संस्कृति कायम गरिएको थियो । सिमानाको रक्षामा तैनाथ राष्ट्रसेवकलाई कम तलब दिइन्थ्यो तर राजा वा दरबारियाहरुलाई मनोरञ्जन प्रदान गर्ने सुसारेहरूलाई दिनका लागि राज्यकोषको ठुलो रकम हिनामिना गरिन्थ्यो । राजपरिवारमा जन्म लियो कि देशको शासन सत्ता सुम्पिहाल्नुपर्ने परम्परा थियो । बुद्धिचाल खेलमा एउटा अरू गोटीभन्दा ठुलो साइजको गोटीलाई राजा माने जस्तो गर्ने गरिन्थ्यो । प्रतिस्पर्धात्मक राजनीति र सामाजिक प्रणालीमा त्यो प्रकारको मध्ययुगीन परम्परा २१ औँ शताब्दीमा स्वीकार गर्न सकिने अवस्था होइन । राजाले चाह्यो कि सेना-प्रहरीदेखि अन्य कर्मचारीसम्मलाई विनाप्रतिस्पर्धा हुकुम प्रमाङ्गीबाट बडेमानको दर्जा थमाइदिने परम्परा थियो । इमानदार व्यक्ति र पछाडि पारेका समुदायले राज्यमा कुनै अवसर पाउँदैनथे । राजसंस्थाका नाममा लुटको स्वर्ग चलाउनका लागि ठुल्ठुला हत्याकाण्ड र षड्यन्त्रका अनगिन्ती काण्डहरू घटाएर जसरी पनि राजा बन्ने र देशको नेतृत्व लिने रुढीवादी परम्परा अहिलेको युगमा कदापि सम्भव हुँदैन । राजपरिवारमा जन्मेको जस्तोसुकै व्यक्तिलाई राजा मानिहाल्नुपर्ने शासन व्यवस्था अहिलेको युग सुहाउँदो हुन सक्दैन । यसर्थ सजिलै भन्न सकिन्छ कि यी सबै तथ्य र विगतका शिक्षाहरूबाट जनताले भोगेको राजतन्त्रात्मक शासन व्यवस्थालाई पुनः स्वीकार गर्न सक्नेछैनन् ।

**यथास्थितिवादी संसदीय व्यवस्थाबारे**

वर्तमान परिवेशमा जनताको भावनामा देखिएको उथलपुथल र केही व्यक्ति तथा समूहहरूमा पलाएको राजतन्त्रप्रतिको मोह त्यति सजिलै प्रकट भएको होइन, वर्तमान व्यवस्थाको असफलताकै कारण राजतन्त्रका पक्षमा आवाज उठ्न थालेका हुन् । जनयुद्ध र जनआन्दोलनका माध्यमबाट हजारौँ जनताको बलिदानबाट प्राप्त लोकतान्त्रिक गणतन्त्रबाट जनताले देशमा आमूल परिवर्तनसँगै शान्ति, समृद्धि र समानताको अपेक्षा राखेका थिए । ठुलो आन्दोलनको माध्यमबाट त्याग, बलिदान र समर्पणसहित ल्याएको व्यवस्थाबाट जनताले देशमा आमूल परिवर्तनको महसुस गर्नुको साटो विगतका राजा-महाराजाहरूकै शासन व्यवस्थाको अनुभूति गर्न थाले ।

जनताले स्थिरताको अपेक्षा गरेका थिए, यहाँ महिनैपिच्छे सरकार बदलिन थाले । जनताले समान विकासको आशा राखेका थिए तर मन्त्री र प्रधानमन्त्रीको गृहजिल्ला र गृहनगरहरूमा मात्र भीमकाय भ्युटावरहरू बन्नेबाहेक समान विकासको अवधारणा लागु हुन सकेन । उल्टै जसको शक्ति उसको भक्ति भन्ने सिद्धान्त अनुसार राज्यको बजेट केही सीमित व्यक्तिहरूको रुचि अनुसार लागु हुने अवस्था प्रकट भयो । छुवाछुतको अन्त्य गरी जातीय समानताको परिकल्पना गरिएको ठाउँमा दिनदहाडै दलितहरूको सामूहिक हत्याको शृङ्खला रोकिएन । महिलाहरूलाई पुरुषसरह समान अधिकार प्रदान गर्नुपर्नेमा नेताहरूकै आसेपासे र नेताहरूकै श्रीमतीबाहेकले नीति-निर्माण तहमा सहभागिता हुने अवसर प्राप्त गर्न सकेनन् ।

जनताले शान्तिपूर्ण समाजको अपेक्षा गरेका थिए तर यहाँ दिनदहाडै बालिकाहरू बलात्कार गरी हत्या गरिँदा पनि राज्य वर्षौंसम्म मौन बस्ने अवस्था सिर्जना भयो । त्यति मात्र नभएर जनतालाई जिउँदै इँटाभट्टामा जलाउने कुख्यात अपराधी अफताब आलमजस्ता व्यक्तिहरूलाई राज्यको संरक्षणमा निर्दोष साबित गराउने अपराधपूर्ण काम गरियो । समान न्याय प्रवाह हुन सकेन । सरकार समर्थित वा पहुँचवाला भ्रष्टाचारीहरूले उन्मुक्ति पाइरहेका छन् ।

आर्थिक क्षेत्रमा हेर्दा देश पूरै अस्तव्यस्त भइरहेको छ । मिटरब्याजीहरूबाट जनताको उठिबास हुँदासम्म राज्य मस्त निदाइरहेको छ । पाटी र सरकारकै नेतृत्व गरिरहेका व्यक्तिहरूबाटै सहकारी ठगीका थुप्रै काण्ड घटाएर जनतामाथि लुट मच्चाइएको छ । सरकारको अर्थमन्त्री भइसकेका व्यक्तिहरूकै नेतृत्वमा भूकम्प पीडित जनतालाई सहयोगी दाताहरूले दिएका त्रिपाल र सहयोग सामग्री बेचेर खाने खालका नीच कार्यहरू भएका छन् । वाइडबडी काण्ड, यति काण्ड, ओम्नी काण्ड, टेरामक्स काण्ड, ७) करोड काण्ड, पोखरा विमानस्थलको अर्बौंको भ्रष्टाचार काण्ड, सुनकाण्ड, गिरीबन्धु टि-स्टेट काण्डदेखि नेपाली नागरिकहरूलाई नक्कली भुटानी शरणार्थी बनाएर विदेशी भूमिमा बेच्नेसम्मका अत्यन्तै अपराधपूर्ण काण्डहरू सरकारकै प्रधानमन्त्री र गृहमन्त्रीहरूको नेतृत्वमा भइरहेका छन् । थुप्रै गृहमन्त्रीहरूकै पालादेखि सेटिङमा कर्मचारीहरूले भिजिट भिसाको नाममा जनतालाई ठगेर अर्बौं पैसा भ्रष्टाचार भएको कुरा स्वयं कर्मचारी र सरकारकै गृहमन्त्रीले खुलेआम स्वीकार गरिरहेका छन् ।

सरकारलाई ठुला व्यवसायीले तिर्नुपर्ने अर्बौं कर र विद्युत् बक्यौता पनि सरकारकै संरक्षणमा असुल गरिएको छैन । यथास्थितिवादी वर्तमान संसदीय व्यवस्था अनगिन्ती यस्ता काण्डैकाण्डको सँगालो बनेको छ । त्यसैले स्पष्टसँग भन्न सकिन्छ कि मसानघाट पुयाइसकिएको राजतन्त्रात्मक शासन व्यवस्थाबाट मात्र होइन यो भ्रष्ट शासन व्यवस्थाबाट पनि जनता आजित भइसकेका छन् । यो काण्डैकाण्डहरूको उकुसमुकुसपूर्ण शासन व्यवस्थाको जनताले विकल्प खोजिरहेका छन् । त्यसकै फलस्वरूप विकल्प खोज्ने हुटहुटीसहित जनताले केही नयाँ भन्ने दल र स्वतन्त्र व्यक्तिहरूलाई परीक्षण गरिरहेका छन्स सडक आन्दोलनका माध्यमबाट सरकारका गतिविधिविरुद्ध आवाज उठाइरहेका छन् । हरेक क्षेत्रका व्यक्तिहरू यो व्यवस्थाको विकल्पमा बरु राजा नै सही भन्ने आक्रोशपूर्ण अभिव्यक्ति दिइरहेका छन् ।

नागरिकहरूले राजा होइन कि यो व्यवस्थाको विकल्पमा उन्नत व्यवस्थाको खोजी गरिरहेको प्रस्ट हुन्छ । यस्ता अनगिन्ती काण्ड, असफल शासन प्रणाली र जनताको आक्रोशका बिच यथास्थितिवादी संसदीय व्यवस्थाको आगामी भविष्य पनि त्यति लामो देखिँदैन । अर्कोतर्फ धर्मका नाममा शान्तिका कुरा गर्ने गेरुवस्त्रधारी बाबाहरू जसले फास्ट बलरभन्दा द्रुत गतिमा सार्वजनिक कार्यक्रमहरूमा ढुङ्गा बर्साउँछन् । एक-दुई वर्षमै थुप्रै पाटी प्रवेश गर्न सक्ने अस्थिर राजनीतिक चेतना भएका, सार्वजनिक

*बाँकी चार पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

# एक पालिका, एक जनस्वास्थ्य अधिकृत : सार्थकता र कार्यान्वयनको खाका




नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रम र बजेटमा सातौं तहका जनस्वास्थ्य अधिकृत नियुक्त गर्ने कार्यक्रम स्वीकृत गरिएको छ। वर्षौंदेखि नारामा मात्र सीमित रहँदै आएको "एक पालिका, एक जनस्वास्थ्य अधिकृत" को अवधारणालाई यसपालि औपचारिक रूपमा समावेश गरेर मन्त्रालयले स्थानीय स्वास्थ्य प्रणाली सुदृढीकरणतर्फ एक ऐतिहासिक र दूरदर्शी कदम चालेको छ।

यस ऐतिहासिक पहलको नीति निर्माण, बहस, वकालत, रणनीति तर्जुमा र कार्यक्रम स्वीकृतिसम्मको सम्पूर्ण प्रक्रियामा सक्रिय योगदान दिनु हुने सबै नीति निर्माता, विज्ञ, सरोकारवाला, जनप्रतिनिधि तथा जनस्वास्थ्य अभियन्ताहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको राजनीतिक र प्रशासनिक नेतृत्व तथा नीति, योजना निर्माण र समन्वयमा संलग्न विज्ञहरू जसको प्रयासले यो पहल सम्भव भएको हो उहाँहरु प्रति विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

हामीले परिकल्पना गरेको "एक पालिका, एक जनस्वास्थ्य अधिकृत" एउटा सामन्य कार्यक्रम होइन, कुनै एक व्यक्तिले जागिर खाने खुवाउने मात्रै कुरा रहेन, यो त एउटा देशको स्वास्थ्य प्रणाली वलियो वनाउने, जनतालाई जनस्वास्थ्यसित जोड्ने र स्थानीय स्तरमा स्वास्थ्य क्षेत्रको सेवा प्रवाहलाई सुधार गर्दै जनताको स्वास्थ्य अवस्था सुधार गर्ने, रोग लाग्न नदिने, लागेपनि क्षति न्यूनीकरण गर्ने, र जनताको आयु लम्ब्याउने दीर्घकालीन महत्व झल्किने र लगानीको प्रतिफल फर्काउने योजना हो। त्यसैले यस कार्यक्रमलाई सुरुवाती चरण देखि नै योजनाबद्द तरिकाले कार्यान्वयन गर्न सकिएन भने विगतका केहि असफल कार्यक्रमहरु जस्तै यो अवधारणा असफल हुन सक्छ। त्यसैले सम्पूर्ण सरोकारवालाहरुलाई यो अवधारणा सफल वनाउन आफ्नो आफ्नो स्थानबाट सहयोग गर्न समेत विशेष अनुरोध गर्दछु। स्वास्थ्य नीतिको विधार्थी र नेपालको जनस्वास्थ्य क्षेत्रलाई सुष्म तरिकाले नियाल्ने, विश्लेषण गर्ने जनस्वास्थ्यकमीको हिसाबले अब यो अवधारणालाई कसरी अगाडी वढाउन सकिन्छ भने आफ्नो धारणा र सुझाव पेश गर्ने प्रयास गरेको छु।

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध**

"एक पालिका, एक जनस्वास्थ्य अधिकृत" शशर्त अनुदान मार्फत पालिकाहरुलाई दिईने अरु कार्यक्रम जस्तो होइन। स्थानीय सरकारको क्षमता अभिवृदी गर्दै स्वास्थ्य प्रणालीलाई वलियो वनाउने यो एउटा रणनीतिक अवधारणा र मन्त्रालयको एउटा ड्रम प्रोजेक्ट मात्रै होईन, सर्व( स्वीकार्य रुपमा अगाडी आएको र स्थानीय सरकारहरुले माग गरेको विषय हो।त्यसैले यस कार्यक्रमको सफल कार्यान्वयनका लागि सुरुवाती चरणदेखि नै स्पष्ट योजना सहित, प्रक्रिया र अभिलेखीकरण प्रणालीको एउटा कार्यविधि सहित कार्यान्वयन गर्नु अपरिहार्य छ। किनकि यो सामान्य तरिकाले होइन, केहि तथ्यहरु संकलन गरेर, भविष्यमा निर्माण हुने स्वास्थ्य जनशक्ति सम्बन्धि दीर्घकालीन योजनाहरु वनाउनुपर्नेछ, हाम्रो स्थायी दरवन्दी सृजनाको लागि आधार तय गर्नुपर्नेछ, जनस्वास्थ्य अधिकृतको प्रभावकारिता हेर्नुछ, जनस्वास्थ्य पढेको अधिकृत स्थानीय सरकारमा चाहिन्छ भने किन चाहिने रैछ ? चाहिदैन भने किन नचाहिने रैछ भन्ने कुराको तथ्य निकाल्नु छ, स्थानीय तहमा भए गरेका समस्या वुझ्नुपर्नेछ, जनप्रतिनिधिका आवाज र अनुभवलाई सुन्नुपर्नेछ, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्थानीय सरकार र समुदाय सितको दुरी घटाउनु छ। त्यसैले यस कार्यक्रमको स्वामित्व व्यवहारिक रुपमा स्थानीय सरकारले नै गर्ने भएपनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफ्नो उपस्थिति स्थानीय सरकारसम्म पुगेको अनुभव सहित यस कार्यक्रमलाई डिजाईन गरेर कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ।

सदा झैं स्वीकृत कार्यकम प्राप्त भएपछी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन सम्वन्धी मार्गदर्शन वनाउने नै छ। यदपी सोहि मार्गदर्शन निर्माण गर्ने क्रममा यो कार्यक्रमलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निम्नानुसार व्यवस्था सहित योजना वनाउन सकेमा राम्रो हुनेछ भन्ने विश्वास लिएको छु।

१) यो कार्यक्रमको कार्यान्वयनलाई विशेष रुपमा हेर्नेको लागि संघीय, प्रदेश र स्थानीय तहको समेत प्रतिनिधित्व हुने गरी समिति वा कार्यदल निर्माण गरेर अगाडी वढ्नुपर्छ। राष्ट्रिय जनस्वास्थ्य समिति, जनप्रतिनिधिका विभिन्न संघ संस्था जस्तै नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघलाई समेत समावेश गरेर यो अवधारणाको योजना, कार्यान्वयन र मुल्यांकन गर्नेस जनस्वास्थ्यलाई स्थानीय स्तरसम्म राजनीतिको एजेण्डा वन्ने किसिमले कार्यक्रमको सुरुवात गर्नुपर्छ।

२) यो कार्यक्रम सफल हुने वा नहुने भन्ने कुरा हामीले नवनियुक्त जनस्वास्थ्य अधिकृतलाई दिईने कार्यविवरणले नै निर्धारण गर्ने मेरो अनुमान छ। कार्यविवरण निर्माण गर्दा हाल स्थानीय तहमा रहेर काम गरिरहनु भएका स्वास्थ्यकर्मीहरुले नियमित गरिराख्नु भएको काम क्रियाकलाप भन्दा केहि फरक किसिमको जिम्मेवारी सहित, स्थानीय जनप्रतिनिधिहरुलाई स्वास्थ्यको तथ्य तथ्याँक र नीति, योजना, प्राथमिकता निर्धारणमा सहयोग गर्ने, पालिका स्वास्थ्य शाखालाई एउटा जनस्वास्थ्य विज्ञको रुपमा प्राविधिक सरसल्लाह दिने, र पालिकाको कार्य सम्पादनलाई विशेष सहयोग पुर्याउने किसिमको जिम्मवारी तय गर्नुपर्छ। जनस्वास्थ्य अधिकृत मार्फत सिधै स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने, घरटोलमै जनचेतना फैलाउन, विद्यालय स्वास्थ्य, सरसफाइ, शुद्ध पिउने पानी, खाद्यन्न लगायत समुदायमा स्वास्थ्य कार्यक्रम गर्ने, सरुवा तथा नसर्ने रोग नियन्त्रणका क्रियाकलापहरु संचालन गर्ने भन्दा पनि यी सबै कार्यक्रमहरुलाई स्थानीय स्तरमा प्रभावकारी बनाउन गर्नुपर्ने तयारी, नीति निर्माण, योजना, कार्यान्वयनको खाका, मुल्यांकन, तथ्य तथ्याँकको विश्लेषण, स्वास्थ्य स्थीति प्रतिवेदन तयार, वकालत, नीति संवाद, वहस छलफल आदि जस्ता insights प्रदान गर्ने Independent public health expert को रुपमा हाल खटाईने जनस्वास्थ्य अधिकृतको परिचालन गर्नु उपयुक्त हुन्छ।

३) स्थानीय तहमा खटिने जनस्वास्थ्य अधिकृतहरूको एकीकृत कार्य विवरण तयार गरि प्रशिक्षण, अभिमुखीकरणको प्याकेज निर्माण गर्ने। कार्य विवरण निमार्ण गर्दा स्थानीय पालिकामा कार्यरत स्वास्थ्य शाखा प्रमुखहरुको समेत राय तथा सुझाव लिएर मात्रै अन्तिम रुप दिने।

४) आर्थिक वर्षको प्रारम्भदेखि नै प्रत्येक गतिविधिको सूक्ष्म अनुगमन, अभिलेख व्यवस्थापन र समन्वयका लागि आवश्यक पर्ने खाका तयार गर्ने।

५) जनस्वास्थ्य अधिकृतहरूको कार्य सम्पादन, अनुगमन, तथा सूक्ष्म मूल्याङ्गनको खाका तयार गर्ने।

६) नवनियुक्त जनस्वास्थ्य अधिकृतहरुलाई स्थानीय सरकारको स्वास्थ्य शाखाबाट प्राप्त हुने ज्ञान, शीप, तथा क्षमता अभिवृदिका अलवा आवश्यक पर्ने थप प्राविधिक सहयोग गर्न जनस्वास्थ्यका प्राथमिकताका कार्यक्रमका विज्ञ जस्तै क्षयरोग नियन्त्रण, नीति योजना विज्ञजस्ता प्राविधिक विज्ञहरुको टीम राखेर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा Pooled technical assistance platform स्थापना गरेर स्वास्थ्य क्षेत्रका साझेदार निकायहरुलाई समेत परिचालन गर्ने र आवश्यक पृष्ठपोषण, तथ्यांक संकलन, विश्लेषण, नियमित समिक्षा तथा समन्वय गर्ने काम थालनी गर्ने।

७) यस कार्यक्रमलाई कार्यान्वयन, भिजिविलिटी, तथा Implementation research, कार्यक्रम कार्यान्वयनको संख्यात्मक र गुणात्मक मुल्यांकन गर्नको लागि विभिन्नसंग सस्थाहरुलाई आह्वान गर्दै सुरुवाती चरण मै सहकार्य गर्ने।

आदि जस्ता विषयहरु अहिलेदेखि नै सोच विचार गर्न सकियो भने यो कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने मात्रै नभई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कै समग्र नीति, निर्माणलाई सहयोग हुने तथा स्थानीय सरकारले भोगेका समस्याहरुलाई समन्वय गर्न समेत ठुलो भूमिका खेल्नेछ र स्थानीय सरकार र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको दुरी समेत घट्नेछ।

**प्रदेशलाई अनुरोध**

प्रदेश सरकार तथा मातहतका निकायहरूले प्रदेशस्तरीय आयोजना, विविध गतिविधि र कार्यक्रमहरूलाई नियमित प्रक्रिया अनुसार समन्वय र सहकार्य गर्दै आइरहेका छन्, जुन सराहनीय छ। तथापि, "एक पालिका, एक जनस्वास्थ्य अधिकृत" कार्यक्रम भने विशिष्ट प्रकृतिको कार्यक्रम भएको हुँदा यसलाई संघीय अनुदानको कार्यक्रम हो, स्थानीय तहले कार्यक्रम गर्छ हाम्रो भूमिका छैन भने तरिकाले नहेरेर समग्र स्वास्थ्य प्रणालीमा सकारात्मक प्रभाव पार्ने सम्भावना भएको कार्यक्रम हुँदा यसलाई कार्यान्वयन गर्न, मुल्यांकन गर्न तथा पृष्ठ पोषण प्रदान गर्न प्रदेशका स्वास्थ्य निकायहरुको विशेष भूमिका रहन्छ। यस कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रदेश सरकारले स्थानीय तहमा सञ्चालन भएका कार्यक्रमहरूको प्याकेज, विगतमा देखिएका स्वास्थ्य समस्या र अवस्थाको विश्लेषणलाई आधार बनाएर नव नियुक्त जनस्वास्थ्य अधिकृतहरूलाई अभिमुखीकरण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्न आवश्यक छ। साथै प्रदेशमा खटिएका जनस्वास्थ्य अधिकृतहरुलाई जिल्ला स्थित स्वास्थ्य कार्यालयहरु मार्फत आवश्यक प्राविधिक ज्ञान शीप तथा पृष्ठ पोषण प्रदान गर्ने कामलाई व्यवस्थित रुपमा गर्नुपर्ने देखिन्छ। यसले नव नियुक्त जनस्वास्थ्य अधिकृतहरूको क्षमता अभिवृद्धिमा मात्र होइन, हाल कार्यरत स्वास्थ्य शाखा प्रमुख तथा अन्य स्वास्थ्यकमीहरूलाई पनि प्राविधिक सशक्तीकरणमा ठोस सहयोग पुर्याउनेछ।

**स्थानीय तहहरू र स्वास्थ्यकर्मीहरलाई विशेष अनुरोध**

संघीयताको कार्यान्वयनसँगै स्थानीय तहहरुमा खटिएर काम गर्नुभएका स्वास्थ्यकर्मीहरुको योगदानले नै हामी अहिले यहाँसम्म आईपुगेका छौ। यहाँहरुकै अनुभव, भोगाई र मागले गर्दा एक पालिका एक जनस्वास्थ्य अधिकृत कार्यक्रम डिजाईन भई कार्यान्वयनसम्म आईपुगेको छ, यहाँहरुकोमाग पुरा भएको छ। अब यहाँहरुले नै स्थानीय स्तरमा नीति योजना तर्जुमा तथ्य तथ्याङ्क विश्लेषण संकलन तथा अभिलेखीकरण गर्न सक्ने व्यक्ति छनोट गरेर राख्ने भएको हुँदा अरु किसिमको जनशक्तिलाई करारमा राखेर सेवा लिने दिने, जागिर लिने जागिर खुवाउने जस्तो हल्का तरिकाको कार्यक्रमको रुपमा मात्रै नहेरी विशेष किसिमको स्वास्थ्यको एउटा महत्वपूर्ण कार्यक्रमको रुपमा लिएर स्थानीय तहमा राखिने जनस्वास्थ्य अधिकृतको शीप, ज्ञान र क्षमतालाई स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने एउटा अवसरको रुपमा लिनुहुन विशेष अनुरोध छ।

कुनै एक जना व्यक्ति मात्रै थपिएर समग्र स्वास्थ्य क्षेत्रको सुधार भई हाल्ने भन्ने पक्कै पनि होइन यदपी यो पटक राखिएको एक पालिका एक जनस्वास्थ्य अधिकृतलाई अरु किसिमको करारको जनशक्ति राख्ने तरिकाले नहेरिकन यसलाई समग्र स्वास्थ्य प्रणालीको एउटा रिफर्म गर्ने प्रक्रियाको पहिलो परीक्षण कार्यक्रमको रुपमा हेर्दै स्थानीय तहमा राखिने जनस्वास्थ्य अधिकृतलाई विशेष तरिकाले परिचालन गरी आवश्यक मुल्यांकन, निर्देशन, समन्वय, पृष्ठपोषण प्रवाह गर्नुहुनको लागि स्थानीय तहमा रहनुभएका स्वास्थ्य शाखा प्रमुख लगायत सम्पूर्ण स्वास्थ्यकर्मीहरूलाई विशेष अनुरोध गर्न चाहन्छु। एउटा पालिकामा जनस्वास्थ्य अधिकृत राखिनुपर्छ भन्ने विषयवस्तु यहाँहरुले भोग्दै गरेको, यहाँहरुले अनुभव गरेको र यहाँहरुकै अनुभवबाट सृजित एउटा एजेन्डा थियो जुन आज कार्यान्वयनको चरणमा पुगेको छ, यसको लागि यहाँहरुलाई हार्दिक वधाई पनि व्यक्त गर्दछु।

**स्वास्थ्य क्षेत्रका साझेदार निकायहरुलाई अनुरोध**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस आर्थिक वर्षमा कार्यान्वयन गर्न लागेको भविष्यमा दीर्घकालीन रुपमा स्थानीय तहको स्वास्थ्य प्रणालीलाई सुदृढ गर्नसक्ने सम्भावना रहेको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने सहयोग, कार्यक्रम मूल्यांकन गर्नको लागि अनुसन्धान तथा तथ्यांकहरुलाई विश्लेषण गर्नको लागि आवश्यक पर्ने प्राविधिक सहयोगको लागि स्वास्थ्य क्षेत्रका साझेदार निकायहरुले साझा एजेण्डाको रुपमा लिएर अगाडी वढ्नुपर्छ। एकातिर स्वास्थ्य क्षेत्रका साझेदार निकायहरुको सहयोग घट्दो क्रममा रहेको छ, अकोे तिर स्वास्थ्य क्षेत्रका साझेदार निकायहरुको ठुलो रकम स्वास्थ्य जनशक्ति मै गईरहेको छ। प्राविधिक सहयोगको रुपमा सधै जनस्वास्थ्यको विज्ञलाई पालिकाहरुमा दिइराख्नु पनि दीर्घकालिन समाधान र परियोजनाहरुको सोच भित्र पर्दैन। त्यसैले सरकारले नै राख्न खोजेको जनशक्तिको विकास, विस्तार र स्थाईत्वोको लागि रचनात्मक भूमिकामा स्वास्थ्य क्षेत्रका साझेदार निकायहरुले विशेष भूमिका निर्वाह गर्नुपर्ने हुन्छबास्। जनस्वास्थ्य अधिकृत खटाइएका पालिकाहरूमा विशेष किसिमको अनुसन्धान गर्ने र प्रभावकारिता बारेमा परिचालन भए पश्चात भएका फाइदाहरू तथा स्थानीय तहमा भएका सुधारहरू, कमीकमजोरीहरू सबै कुरालाई औल्याएर एउटा तथ्य प्रस्तुत गर्नको लागि आवश्यक पर्ने परियोजनाहरू डिजाइन गरेर स्थानीय स्वास्थ्य प्रणाली लागि थप सुधार गर्न हातेमालो गर्नु अहिलेको आवश्यकता छ।

**नेपाल जनस्वास्थ्य संघलाई अनुरोध**

नस्वास्थ्य अधिकृतको एजेण्डालाई निरन्तर उठाईरहने नेपाल जनस्वास्थ्य संघलाई पनि हार्दिक वधाई छ। अब नेपाल जनस्वास्थ्य संघले स्थानीय तहमा खटिने जनस्वास्थ्य अधिकृतहरुलाई आवश्यक पर्ने ज्ञान शीप र प्राविधिक सहयोग पुर्याउन समेत त्यतिकै सक्रिय भूमिका आवश्यक छ। आफ्नो नेटवर्कलाई थप मजवुत बनाउदै स्थानीय स्तरमा खटिएका जनस्वास्थ्य अधिकृतको नेटवर्क निर्माणमा सहजीकरण गर्दै, peer (learning, mentorship opportunities र competency development मा आवश्यक सहयोग पुर्याउन नेपाल जनस्वास्थ्य संघलाई अनुरोध छ।

**अन्त्यमा,**

एक पालिका, एक जनस्वास्थ्य अधिकृतू कार्यक्रम नेपालको स्वास्थ्य प्रणाली सुदृढीकरणको दिशामा गरिएको ऐतिहासिक र दूरदर्शी पहल हो। स्थानीय तहमा सशक्त प्राविधिक नेतृत्वद्वारा नीति, योजना र सेवा प्रवाहलाई संस्थागत गर्दै जनताको स्वास्थ्य अधिकार सुनिश्चित गर्ने आधार निर्माण गर्ने प्रक्रिया हो। यस कार्यक्रमको सफल कार्यान्वयन सबै तहका सरकार, स्वास्थ्यकमी, साझेदार संस्था, अनुसन्धानकर्ता, जनप्रतिनिधि र नीतिनिर्माताहरूको साझा प्रयास, स्वामित्व र प्रतिबद्धता बिना सम्भव छैन।

त्यसैले, हामी सबैले आ( आफ्नो स्थानबाट जिम्मेवारी वहन गर्दै यो कार्यक्रमलाई परिणाममुखी बनाउन हामी सबै लागि परौं, कार्यक्रमलाई सफल बनाऔं र नेपालको स्वास्थ्य प्रणालीमा दीर्घकालीन र रूपान्तरणात्मक परिवर्तन ल्याऔं। (सगुन पौडेल जनस्वास्थ्यकर्मी हुन्। हाल उनी लण्डन स्कूल अफ हाइजिन एण्ड ट्रपिकल मेडिसिन र लण्डन स्कूल अफ ईकोनमिक्स एण्ड पोलिटिकल साइन्स, बेलायतमा हेल्थ पोलिसी, प्लानिङ् एण्ड फाइनान्सिङ अध्ययनरत छन्।) स्वास्थ्य खबरबाट

## *राजतन्त्र होइन...*

सभाहरूमा समेत नन्भेज गाली गर्ने दुर्गा प्रसाईंजस्ता व्यक्तिहरू अनि सहाराको भरमा समेत मञ्च उक्लिन नसक्ने वृद्ध हजुरबुबाहरूको नेतृत्वमा राजतन्त्र पुनर्बहालीको सपना देख्नु अझ ठुलो भ्रम हो।

ढुङ्गे युगकालीन अवस्थामा अभ्यास गरिएको राजतन्त्रात्मक शासन व्यवस्था अहिलेको जेन-जी पुस्ताले कदापि स्वीकार गर्न सक्दैन। साथै काण्डैकाण्डले भरिएको वर्तमान संसदीय व्यवस्था पनि सङ्कटको गम्भीर मोडमा उभिएको छ। यसर्थ यी गम्भीर राजनीतिक सङ्कटहरूको समाधानका लागि अहिले विश्वभरि र नेपालमा पनि जनताले नयाँ विकल्पको आवश्यकता महसुस गरिरहेका छन्। त्यो विकल्प भनेको पुरानो व्यवस्थाको पुनरागमन होइन नयाँ व्यवस्था वैज्ञानिक समाजवादी व्यवस्था (समाजवादी गणतन्त्र) नै वर्तमान व्यवस्था र राजनीतिक सङ्कटको समाधान हुनेछ। रातोपाटीबाट

# मनसुन लागेसँगै डेङ्गी संक्रमण देखिन थाले

**काठमाडौं**/मनसुन लागेसँगै डेङ्गी सङ्क्रमण देखिन थालेको छ । जुनदेखि अगस्टसम्म (असार-भदौ) सम्मलाई डेङ्गी सङ्क्रमणको जोखिम कायम रहने महिनाको रूपमा लिइन्छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडिसिडी) को तथ्याङ्कअनुसार जनवरी १ देखि जुन ८ सम्म एक हजार दुई सय ५५ केश भेटिएका छन् भने ७२ वटा जिल्लामा डेङ्गी सङ्क्रमण पुष्टि भइसकेको छ ।

सबैभन्दा धेरै सङ्क्रमितको सङ्ख्या काठमाडौँमा देखिएको छ । काठमाडौँमा एक सय ३२, कास्कीमा ९०, सुनसरीमा ८७, चितवनमा ६१, पाल्पामा ५१, रुपन्देहीमा ४७, कञ्चनपुरमा ३७, दाङमा ३२ र भक्तपुरमा ३० वटा केशहरू रिपोर्ट भएका छन् ।

इडिसिडीका कीटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा गोकर्ण दाहालले डेङ्गीलाई शून्यमा नै ल्याउने र डेङ्गी गराउने लामखुट्टे सखाप नै पार्न भन्ने अवस्था सिर्जना गर्न नसकिएता पनि नियन्त्रण भने गर्न सकिने बताउनुभयो । उहाँले




भन्नुभयो, "डेङ्गीको सङ्क्रमण र मृत्युदर घटाउन सकिन्छ । यसका लागि सबै जनाको समन्वय आवश्यक हुन्छ । नागरिक, समुदाय, सरकारी-गैरसरकारी संस्था सबैले हातेमालो गर्नुपर्छ ।"

डा दाहालले यो वर्ष मनसुन छिट्टै सुरु भएको र मौसमविद्ले पानी धेरै पर्न सक्ने आँकलन गरेकाले सङ्क्रमण बढ्न सक्ने सम्भावना रहने सक्ने बताउनुभयो । "यो वर्ष डेङ्गी सङ्क्रमण बढ्छ वा स्थिर रहन्छ भनेर आँकलन गर्न हामीसित भेक्टरको पर्याप्त तथ्याङ्क छैन । यद्यपि मनसुन केही अघि सुरु भएको र धेरै पानी पर्ने भनिएको हुनाले पानी जम्मा हुने र सञ्चित भएर बस्ने र लामखुट्टेको विकास हुने सम्भावनालाई नकार्न मिल्दैन", उहाँले भन्नुभयो ।

डा दाहालका अनुसार सबैले डेङ्गी नियन्त्रणमा सबैले आआफ्नो ठाउँबाट बराबर सहभागिता जनाए तीनै तहले डेङ्गी नियन्त्रणसम्बन्धी आवश्यक कार्यक्रम डेङ्गी सङ्क्रमण र यसबाट मृत्यु हुने दर पनि कम गर्न सकिन्छ ।

डेङ्गी एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको कीटजन्य रोग हो । डेङ्गीबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्छ । यसबाट बच्न पूरा शरीर ढाक्ने कपडा लगाउने, खाल्डाखुल्डी पुर्ने, खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने, खाली भाँडाकुँडा घोप्ट्याएर राख्ने, पानीको ट्याङ्की पूरै खाली गरेर सफा गरिरहने, सुत्ने बेला झुलको प्रयोग गर्नाले पानी जम्मा गरी राखिएका पानीको ट्याङ्की, ड्रम, गाग्री, बाल्टिनलाई लामखुट्टे छिर्न नपाउने गरी राम्रोसँग छोपेर राख्ने, आफ्नो घर वरपर, कार्यस्थल र सार्वजनिक स्थानमा फाएिका काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, टिका बट्टा, प्लास्टिकजन्य वस्तुहरू तथा पानी जन्म नसक्ने अन्य भाँडा तथा सामग्रीलाई पानी नजम्ने गरी व्यवस्थापन गर्न विज्ञको आग्रह छ ।

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा भुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा भुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**सुरुङ्गा गाउँपालिका, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## इजरायल विरुद्ध तत्काल कदम चाल्न इरानद्वारा संयुक्त राष्ट्रसंघलाई आह्वान

**तेहरान**/इरानी विदेश मन्त्री अब्बास अराघचीले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग फोन वार्तामा द्वन्द्व उक्साएकोमा इजरायली सेना विरुद्ध तत्काल कारवाही गर्न आग्रह गर्नु भएको छ ।

फोन वार्तामा अराघचीले इजरायली आक्रमणले इरानको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको अधिकारमाथी प्रहार गरेको उल्लेख गर्नु भएको छ । यसलाई उहाँले आफ्नो देश विरुद्धको स्पष्ट आक्रमणको रूपमा वर्णन गर्दै राष्ट्रसँङ्घको बडापत्रको धारा-५१ अनुसार आफ्नो रक्षा गर्ने तेहरानको सङ्कल्पलाई पुष्टि गर्नु भएको छ ।

उहाँले राष्ट्रसङ्घीय सुरक्षा परिषद् तथा समग्र संयुक्त राष्ट्र सङ्घले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने कुरामा जोड दिँदै आक्रमणको कडा निन्दा गर्नु भएको छ । इरानमा भएको आक्रमणका लागि इजरायललाई जवाफदेही बनाउन तत्काल ठोस कदम चाल्नुपर्ने समेत उहाँले बताउनु भएको छ ।

तेहरान र वासिङ्टन बीच वार्ता चलिरहेको समयमा इरानी आणविक सुविधाहरूलाई लक्षित गरी गरिएको आक्रमणको राष्ट्रसङ्घीय महासचिव गुटेरेसले निन्दा गर्नु भएको छ । उहाँले तनावको वृद्धि रोकी यस क्षेत्रमा शान्ति र स्थिरता पुनर्स्थापना गर्न संयुक्त राष्ट्र संघको पूर्ण क्षमता प्रयोग गर्ने कुरामा बताउनुभएको छ । एजेन्सी

## इरानद्वारा इजरायलमा जवाफी आक्रमण

**तेहरान**/इस्लामिक गणतन्त्र इरानको आणविक र सैन्य सुविधालाई लक्षित गरी इजरायलले गरेको आक्रमण पछि इरानले शनिबार इजरायलमा जवाफी आक्रमण गरेको छ । शनिबार इजरायली सेनाले बासिन्दाहरूलाई सुरक्षित आश्रयमा शरण लिन आह्वान गर्दै इरानबाट दर्जनौं क्षेप्यास्त्र प्रहार गरिएको बताएको छ । इरानको "रिभोलुसनरी गार्ड" ले इजरायलका दर्जनौं लक्ष्यहरूमा आक्रमण गर्दा तेल अवीवको डाउनटाउनका भवनहरू माथि धुवाँ उडिरहेको एएफपीले जनाएको छ ।

इजरायली अग्निशमन सेवाले आफ्नो टोलीहरूले इरानी क्षेप्यास्त्र आक्रमणको प्रतिक्रियामा प्रतिक्रिया दिँदै भवनमा फसेका मानिसहरूलाई उद्धार गर्ने काम गरिरहेको बताएको छ ।

इजरायली मिडिया रिपोर्टका अनुसार गुस दान क्षेत्रबाट ३४ जना घाइतेहरुको उद्धार गरेको उद्धारकर्ताहरूले बताएका छन् । उनीहरुका अनुसार ती मध्ये एक महिलाको उपचारको क्रममा मृत्यु भएको थियो ।

इरानको राजधानी तेहरानमा शनिबार मेहराबाद विमानस्थलबाट आगो र भारी धुवाँ निस्किएको एएफपीले जनाएको छ भने स्थानीय मिडियाले उक्त क्षेत्रमा विस्फोट भएको रिपोर्ट गरेका छन् । यसअघि इरानले आफ्नो हवाई रक्षा प्रणाली सक्रिय गरेको र राजधानी भरि विस्फोटको आवाज सुनिएको बताएको थियो ।

दर्जनौं मानिसहरू आफ्नो देशको सैन्य प्रतिक्रियालाई उत्साहित गर्न तेहरानको सडकमा राष्ट्रिय झण्डा फहराउदै इजरायल विरोधी नारा लगाएको जनाइएको छ । संयुक्त राष्ट्रसंघका लागि इरानी राजदूतले शुक्रबार इजरायलले गरेको आक्रमणमा ७८ जनाको मृत्यु हुनुका साथै ३२० जना घाइते भएको बताउनु भएको छ ।

आक्रमण पछि संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेरेसले दुई राष्ट्रलाई युद्ध विराम गर्न आह्वान गर्नु भएको छ । उहाँले सामाजिक सञ्जाल एक्स मार्फत युद्ध रोक्ने समय आएकाले कुटनैतिक समाधानको बाटोमा जानु पर्ने बताउनु भएको छ । एजेन्सी

## पाँच महिनामा छ लाख भन्दा बढी अफगानी शरणार्थी स्वदेश फिर्ता

**काबुल**/विगत पाँच महिनाको अवधिमा छ लाख ३२ हजार भन्दा बढी अफगानी शरणार्थीहरु इरानबाट स्वदेश फर्केको शरणार्थीका लागि संयुक्त राष्ट्र उच्चायुक्तका प्रवक्ता फरामर्ज बर्जिनले बताउनु भएको छ । चालु वर्षको जनवरी देखि मे सम्ममा उनीहरू इरानबाट अफगानिस्तान फर्केको बताउदै अप्रिल-१ देखि हरेक दिन औसत पाँच हजार ५०० मानिस इरानबाट फर्किरहेको स्थानीय सञ्चार माध्यम टोलोन्युजले बर्जिनलाई उद्धृत गर्दै जनाएको छ । स्थानीय मिडियाका अनुसार इरानबाट फर्केका शरणार्थीहरूले अफगान अन्तरिम सरकारबाट आवश्यक सहयोग र उचित बसोबासको सुविधा पाइरहेका छन् । एजेन्सी

## दक्षिण अफ्रिकामा बाढीका कारण मृत्यु हुनेको संख्या ८६ पुग्यो

**जोहानेसबर्ग**/दक्षिण अफ्रिकाको पूर्वी केप प्रान्तमा भारी वर्ष पछि आएको बाढीका कारण ८६ जनाको मृत्यु भएको तथा थप पीडितहरूलाई उद्धार गरिइएको शनिबार उद्धार टोलीले जनाएका छन् ।

राष्ट्रपति सिरिल रामाफोसाले शुक्रबार प्रभावित प्रान्तको भ्रमण गरी जलवायु परिवर्तनका कारण विनाशकारी प्रकोपको सामना गर्नु परेको बताउनु भएको छ । भारी वर्षाले पूर्वी केपमा पानी चार मिटर भन्दा बढी उचाइमा पुगेको अनुमान गरिएको जनाइएको छ । बाढीको कारण हजारौं घर, सडक, विद्यालय तथा स्वास्थ्य सुविधाहरू डुबेको बताइएको छ ।

बाढी र त्यसपछिको पहिरोबाट माथाथा सहर सबै भन्दा बढी प्रभावित थियो जुन रंगभेद विरोधी पूर्व राष्ट्रपति स्वर्गीय नेल्सन मण्डेलाको जन्मस्थल कुनु गाउँ नजिकै छ । राति पानी घर भित्र पसेपछि मानिसहरू घर भित्र फसेका शवको बरामद तथा जीवितहरुको उद्धार गरेको उद्धारकर्ताहरूले बताएका छन् ।

मृतकमध्ये कम्तीमा छ जना बालबालिका र तीन जना वयस्कहरू बाढीमा बगाएको स्कूल बसमा रहेको जनाइएको छ । शनिबार रुखमा टाँसिएर बसेका तिन जना विद्यार्थीलाई उद्धार गरिएको र चार जना अझै बेपत्ता रहेको जनाइएको छ । हरित जलवायु कोषका अनुसार दक्षिण अफ्रिका जलवायु परिवर्तनशीलता र परिवर्तनको प्रभावबाट अत्यधिक जोखिममा छ, जसले चरम मौसमको आवृत्ति र गम्भीरता बढाउँछ । एजेन्सी

# सुनचाँदी व्यवसायी आन्दोलित

**राजविराज**/सुनमा लगाइएको विलासिता कर खारेजीको माग गर्दै सप्तरीका सुनचाँदी व्यवसायी आन्दोलित भएका छन् ।

बिहीबार राजबिराजमा पत्रकार सम्मेलनमार्फत सुनचाँदी व्यवसायीहरुले सुनमा लगाइएको विलासिता कर खारेजीको माग गर्दै आन्दोलित भएका हुन् ।

सुनचाँदीमा लगाइएको २ प्रतिशत  विलासिता कर खारेज गर्नुपर्ने, १३ प्रतिशत भ्याट खारेज गरि ६ प्रतिशत कायम गर्नुपर्ने, सुनचाँदीको कारोबारका लागि प्रष्ट नीति नियमावली निर्माण गर्नुपर्ने लगायतका माग राख्दै देशभरका व्यवसाय बन्द गरेर आन्दोलनमा उत्रिन बाध्य भएको सप्तरी सुनचाँदी उधोग व्यवसायी संघ राजबिराजका अध्यक्ष नारायण रन्जनले बताए ।

त्यस्तै, बहुमुल्य हिरा तथा पत्थरमा लगाईदै आएको १३ प्रतिशत भ्याट पनि खारेजको उनीहरुको माग रहेको छ । पहिलो चरणमा दुई दिन सांकेतिक बिरोधका लागि देशभर सुनचाँदी पसल बन्द गरेको नेपाल सुनचाँदी व्यवसायीहरुले बताएका छन् ।

बिलासी कर र भ्याट लगाएपछि सुनको लागत मूल्य बढी भएकाले कारोबार नै हुन छाडेकोले आन्दोलन गर्न बाध्य भएको व्यवसायीहरूको भनाई छ ।

बिगतमा पनि १० लाख माथिको कारोबारमा दुई प्रतिशत बिलासिता कर लगाउँदै आएको थियो । तर जतिसुकै कारोबार हुँदा पनि छुट्टाछुट्टै बिल बनाएर कर संकलन नगरेपछि सरकारले सबै प्रकारका सुनमा बिलासिता कर लगाउन लागेको उनीहरुको आरोप छ ।

# प्रधानमनत्रीले प्रतिशोध लिन अख्तियारलाई अगाडी सारेको आरोप

**राजविराज**/नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) जिल्ला कमिटि सप्तरीले आफ्ना पार्टीका अध्यक्ष माधव कुमार नेपाललाई प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिशोध लिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अगाडी सारेको आरोप लगाएको छ ।

जिल्ला कमिटि सप्तरीका अध्यक्ष प्रताप नारायण चौधरी र केन्द्रिय सदस्य एवं जिल्ला इन्चार्ज गोबिन्द बहादुर न्यौपानेद्वारा सोमबार जारि विज्ञप्ति मार्फत सो आरोप लगाउँदै नेपाली जनतामा उनको स्वच्छ छविमा दाग लगाउन प्रधानमन्त्रीले सो कदम चालेको जनाइएको छ ।

विज्ञप्तिमा नेकपा एसका राष्ट्रीय अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल उपर प्रतिशोध साध्ने किसिमले वर्तमान सरकार र सरकारको नेतृत्व गरी राखेका प्रधानमन्त्री के.पी. शर्मा ओलीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग मार्फत शुरु गरेको षडयन्त्रप्रति घोर निन्दा र भर्त्सना समेत गरिएको छ॰ ।

"पछिल्लो काल खण्डमा नेकपा एमालेका नेतृत्वमा पुग्नु भएका पार्टीका अध्यक्ष तथा वर्तमान प्रधानमन्त्री के. पी. ( खड्ग प्रसाद) शर्मा ओलीको व्यक्तिगत महत्वाकांक्षी योजना र उनको तानाशाही कदमको विरोधका कारणले नेकपा एमालेबाट अलग भई नेकपा एसको जन्म गराई नेपाल निरन्तर पार्टीलाई बलियो बनाउन क्रियाशील रहेकोमा सोही विषयको प्रतिशोध लिन प्रधानमन्त्रीले अख्तियारलाई अगाडी सारिएको घटनाप्रति घोर निन्दा र भर्त्सना गर्दछ ।" विज्ञप्तिमा उल्लेख छ ।

सोही विज्ञप्तिमा सप्तरीवासी र समस्त देशवासीलाई ओली सरकारको कपटपूर्ण र प्रतिशोधी कार्यले भ्रममा नपर्न र अडिग भई वामपंथको अभियानमा अगाडी बढ्न सप्तरी जिल्ला कमिटिद्वारा सबैमा आह्वान गर्ने निर्णय पनि गरिएको छ ।

# कन्टेनरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**राजविराज**/कन्टेनरले किच्दा शुक्रबार बिहान एक मोटरसाइकल चालकको मृत्यु भएको छ ।

हुलाकी राजमार्ग अन्तर्गत सप्तरीको शम्भुनाथ नगरपालिका १२ अर्नाहा चोकमा राजबिराजतर्फ आउँदै गरेको ना.३ख. ४५३१ नम्बरको कन्टेनरले स.६प. २२१ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो ।

सो ठक्करबाट मोटरसाइकल र चालक दुबै घिसारिदै कन्टेनरमुनी किचिएका थिए । सप्तरीका एसपी ढकेन्द्र खतिवडाले दुर्घटनास्थलमा मृत्यु भएका मोटरसाइकल चालकको पहिचान खुल्न नसकेको जनाएका छन् ।

ठक्करबाट मोटरसाइकल पूर्णरूपमा क्षतिग्रस्त भएको छ भने कन्टेनरमुनि रहेको शव निकालिएको छ । कन्टेनर चालक काभ्रेको पाँचखाल नगरपालिका ६ का ५६ वर्षीय गोपालनाथ राईलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पविमाबि क्रिकेट खेल मैदानको स्तरोन्नती कार्य सुरु

**राजविराज**/राजबिराजस्थित पविमाबि क्रिकेट खेल मैदानको स्तरोन्नती कार्य सुरु भएको छ ।

राजबिराज वडा नं. ५ स्थित पविमाबि खेलमैदानमा शुक्रबार स्तरोन्नती कार्यका लागि राष्ट्रिय योजना आयोगका पुर्व सदस्य तथा कृषि बैज्ञानिक डा. जयकान्त राउतले शिलान्यास गरेका छन् ।

स्तरोन्नती कार्य अन्तर्गत मैदानको सुरक्षाको लागि गेट, क्रिकेट प्रतियोगिता प्रयोजनको लागि साईड स्किन र पिच कोभर लगायतको कार्य हुने भएको छ ।

मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयको समाजिक बिकास ईकाई कार्यक्रम मार्फत २५ लाखको लागतमा खेलमैदान स्तरोन्नती निर्माण कार्य हुन लागेको सप्तरी क्रिकेट सँघका कोषाध्यक्ष तुलानाथ माझीले जानकारी दिए ।

उक्त स्तरोन्नती कार्यको लागि स्थानिय उपभोक्ता मार्फत असार मसान्त भित्र कार्य सम्पन्न गर्ने सम्झौता भएको उपभोक्ता समितिका अध्यक्ष बिबेक कुमार चौरसियाँले बताए ।

उक्त अवसरमा जनमत पार्टी जिल्ला अध्यक्ष रामगमन साह, वडा ५ का अध्यक्ष बन्धुलाल दास, वडा सदस्य आशा तमाङ, सप्तरी क्रिकेट संघका उपाध्यक्ष निरज कुमार सिंह, सचिव चन्दनकुमार यादब, सदस्य धर्मेन्द्र चौधरी, संजय कार्की, गजेन्द्र माझी लगायतको उपस्थित रहेका थिए ।

### *जबरजस्ती ...*

गरेका शिवजी हाल फरार भएको भन्दै सनिसाले प्रहरीमा निवेदन समेत दिएकी थिइन ।

गाउँघरमा भएको पंचायतीको निर्णय समेत पालना नगरी शिवजी फरार भएपछि न्यायका लागि सदरमुकाम राजबिराज उनी धाउँदै गरेकी थिइन ।

हाल कक्षा १२ उत्तिर्ण गरेकी सनिसा कक्षा १० मै पढ्दै गरेका बेला शिवजी संग प्रेम सम्बन्धमा जोडिन पुगेको उनले प्रहरीमा दिएको उजुरीमा उल्लेख गरेकी थिईन ।

प्रहरीमा उजरी परेपछी स्थानिय गजेन्द्रनारायण सिंह अस्पतालमा उनको स्वास्थ्य परीक्षण गराउँदा उनी ४ महिनाको गर्भ बोकेको रिपोर्टले समेत देखाएको थियो । २०८२ बैशाख १४ गते उनी २० बर्ष पार गरि २१ औं बर्षमा प्रवेश गरेकी छिन् । कानुनी व्यवस्था अनुसार उनको बिहे गर्ने उमेर पनि पुगिसकेको छ ।

घट्ना सार्वजनिक र चर्किंदै गएपछि गाउँमा गत २०८१ चैत्र १२ गते पंचायती समेत बसेको थियो । जसमा दुवै पक्षका अभिभावक, भरभलादमी र प्रहरीको उपस्थितिमा शिवजीले सनिसाको उमेर पुगेपछि बिहे गर्ने लिखित कबूल गरेका थिए तर, अहिले आएर शिवजीले बोली फेरेको र छाडेर भागेको सनिसाको दुखेसो छ ।

### *घटनाप्रति ...*

तोडफोड घटनाको छानबिन गरि दोषिमाथी कानुनी कारवाहीका लागि स्थानीय प्रशासन समक्ष माग गरिएको छ ।

नगरपालिकाका कर्मचारीहरु पेन डाउन गरेर अत्यावश्यक कामकाज बाहेक सम्पूर्ण कामकाज ठप्प पारेको जनाउँदै विज्ञप्तिमा आर्थिक वर्षको अन्तिम क्षणमा नगरपालिकामा भएको यस्ता घटनाले नगरको विभिन्न विकासीय योजनाहरु, जनताको कामकाज लगायत अन्य सेवाहरु प्रभावित बन्न पुगेको उल्लेख छ ।


"कुनै पनि विवादको समाधान वार्ता माध्यमबाट हुने बाटो रहँदा रहँदै पनि यस्तो खाले घटना हुनु अत्यन्त दु:खदायी हो ।" विज्ञप्तिमा भनिएको छ, "नेपालकै पुरानो मध्ये एक राजबिराज नगरपालिका विगतको केही दिनदेखी पटक पटक विवादस्पद बन्दै गएको जगजाहेर नै छ । कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिबीच पटक पटक यस्ता विवाद हुनुले सप्तरी जिल्लाको सदरमुकाम समेत रहेको राजबिराजको साख पनि दाउमा परेको छ ।"


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**







**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*